


**पुस्तक** : नेपाली छापामा राजनीतिक प्रभाव
**लेखक** : डा. देवी क्षेत्री दुलाल
**प्रकाशक** : ब्रोदर्स न्यूज एजेन्सी
**पृष्ठ** : ३५२
**प्रकाशित मिति** : २०६७

विश्वका धेरै मुलुकको पत्रकारिता राजनीतिसँगै अगाडि बढेको पाइन्छ । यसमा नेपाल अपवाद छैन । पत्रकारिता र राजनीति विधागत आधारमा फरक हुन् भन्नेमा विवादै छैन । तर पनि यी एक-अर्कासँग नजोडिई रहन सक्दैनन् । नेपालको राजनीतिक इतिहासमा पत्रकारिता अभिन्न अंगका रूपमा स्थापित छ । त्यसैले हरेक राजनीतिक घटनाक्रममा पत्रकारिता प्रभावित हुनु स्वाभाविक हो । यही कारण पत्रकारितामा राजनीतिको प्रभाव कुन हदसम्म छ त भन्ने प्रश्न अध्ययनको विषय हो । तर पनि नेपाली पत्रकारितालाई राजनीतिसँग जोडेर कमै मात्र पुस्तक तयार भएका छन् । यसै क्रममा डा. देवी क्षेत्री दुलालको पुस्तक *नेपाली छापामा राजनीतिक प्रभाव*ले केही हदसम्म यो प्रश्नको जवाफ खोजेको छ ।

'नेपाली छापामा राजनीतिक प्रभाव : एक दशकको अध्ययन (२०५०-६०)' शीर्षकको शोधप्रबन्धको सम्पादित रूप नै समीक्ष्य पुस्तक हो । त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकायअन्तर्गत राजनीतिशास्त्र विषयमा विद्यावारिधि उपाधिका लागि यो शोधप्रबन्ध तयार पारिएको थियो । त्यसैले पुस्तकको संरचनासमेत अनुसन्धानको ढाँचामा आधारित छ ।

छ परिच्छेदमा विभाजित पुस्तकमा एक दशकको राजनीतिक घटनाक्रमलाई पत्रकारले कसरी औँल्याए र त्यसको प्रभाव उनीहरूको पेसामा कसरी पर्‍यो भनेर खोतल्ने प्रयास गरिएको छ । त्यसअनुसार पुस्तकको पहिलो परिच्छेदमा नेपाली छापाको सिद्धान्त, विकासक्रम र राजनीतिक सम्बन्धबारे चर्चा गरिएको छ । यसमा नेपाली पत्रकारिताको विकासक्रम, प्रेसका चार सिद्धान्तको चिनारी र राजनीतिक प्रभावबारे उल्लेख छ ।

पुस्तकको दोस्रो परिच्छेदमा नेपालको संविधान २०४७ मा छापाको प्रावधानबारे उल्लेख छ । यो परिच्छेद संविधान र छापासँग सम्बन्धित ऐनबारे छ । छापाखाना तथा प्रकाशन ऐन २०४८ देखि माओवादीको गतिविधि नियन्त्रण गर्न सरकारले ल्याएको आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण तथा सजाय ऐनसम्म समेटिएको छ । यसबीचमा माओवादी 'जनयुद्ध'का कारण नेपाली प्रेसले राज्य र विद्रोहीबाट बेहोर्नुपरेका पीडा पनि यसमा समाविष्ट छन् ।

तेस्रो परिच्छेदमा राजनीतिक दलको छापा नीति र छापासँगको अन्तरसम्बन्धबारे टिप्पणी छ । यसमा विभिन्न राजनीतिक दलका घोषणापत्रमा मिडियाबारे के छ भन्ने उल्लेख छ जसमा राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा (एमाले), नेपाली कांग्रेस, एनेकपा (माओवादी) र नेपाल मजदुर किसान पार्टीका धारणा समावेश गरिएको छ ।

चौथो परिच्छेदमा छापामा राजनीतिक प्रभावका कारणबारे खोतल्ने प्रयास गरिएको छ । मिडियाप्रति राजनीतिक दलको नीति जे/जस्तो भए पनि सत्तामा पुग्दा त्यसलाई लत्याउने गरेको तीतो यथार्थ लेखकले यसमा समावेश गरेका छन् । यसको प्रमाणका रूपमा उनले पहिलो संकटकालका क्रममा मिडियाले भोगेका समस्या र सरकारको नीति साक्षी राखेका छन् :

> आफ्नो पार्टीको सरकारले नेपाली छापालाई निष्पक्ष, स्वतन्त्र एवं मर्यादित बनाउने प्रतिबद्धता जाहेर गरेका छन् । तर तिनै दलहरू नेपाली छापामा राजनीतिक प्रभाव रहेको स्वीकार गर्दै त्यसको विरोध पनि गर्दछन् । सैद्धान्तिक रूपमा नेपालका राजनीतिक दलहरू स्वतन्त्र छापाको पक्षमा रहेको देखिए पनि व्यवहारमा इमानदार भएको देखिँदैन (पृ. १०७) ।

पुस्तकको मुख्य विषय भने पाँचौँ परिच्छेदमा मात्र उठाइएको छ । यो परिच्छेदले छापामा राजनीतिक प्रभावबारे विश्लेषण गर्न खोजेको छ जसमा नेपाली छापामा प्रकाशित समाचार र त्यसबारे उठेका विवादको विश्लेषण गरिएको छ । यसको पहिलो परिच्छेद २०५० देखि २०५२ सम्म छापामा आएका

राजनीतिक विवाद समाविष्ट छन् । यसमा कांग्रेसभित्रका विवाददेखि उपनिर्वाचन लगायतका प्रसंगमा समाचार कसरी छापिए भन्ने पनि उल्लेख छ । यही परिच्छेदमा वि.सं. २०५२ देखि २०५८ सम्म प्रकाशित छापा समाचारमा देखिएको राजनीतिक विवाद उल्लेख छ । यो अवधिमा भएका राजनीतिक घटनाक्रमलाई पनि यसमा समेटिएको छ । संकटकाल समाप्तिपछि राजाको सक्रियता र दलहरूसँग बढेको दूरीका समाचारले राम्रै स्थान पाएका छन् ।

## त्रुटिपूर्ण तथ्यांक

गतिलो किताब आफैँमा पौष्टिक खुराक मानिन्छ । त्यसमा पनि पीएचडी जस्तो प्रतिष्ठासँग जोडिएको शोधपत्रबाट पाठकले धेरै आशा राख्छन् । तर 'पहिलो गाँसमै ढुंगा' भनेझैँ यस पुस्तकमा पहिलो परिच्छेददेखि नै गलत तथ्य भेटिन्छन् । पत्रकारिताको विकासक्रम अथवा प्रेसका सिद्धान्तबारे जानकारी दिने पहिलो परिच्छेदले औपचारिकताभन्दा अर्को अर्थ राख्दैन । परम्परागत शैलीबाट सुरु हुने पुस्तकको पहिलो परिच्छेदको पाँचौँ अनुच्छेदमा पुगेपछि मात्र तथ्यमा आधारित विवरण सुरु हुन्छ । यो अनुच्छेदको पहिलो वाक्यमै दुलाल लेख्छन्, "आधुनिक राजनीतिशास्त्रको विकास ग्रीसबाट भएको हो भने छापाखानाको आविष्कार सन् १५५५ मा जर्मनीबाट भएको पाइन्छ । यसको श्रेय क्रमशः प्लेटो र जोहन गुटनवर्गलाई जान्छ" (पृ. १२) । लेखकले सन् १५५५ मा गुटनवर्गले छापाखाना आविष्कार गरेको भनेर उल्लेख गर्दासम्म पहिलो छापाखानाको उमेर १०८ वर्ष पुगिसकेको थियो । यही मितिको यात्रा पुस्तकभर दोहोरिइरहनु विडम्बना नै मान्नुपर्छ । लेखकले प्रयोग गरेको यो मिति श्रीराम खनालको पुस्तक *प्रयोगात्मक पत्रकारिता*बाट लिइएको छ जसले नेपालमा पत्रकारितामाथि लेखिएका पुस्तकमाथि नै परीक्षण गर्नुपर्ने देखाएको छ ।

यसै परिच्छेदमा राजनीति र पत्रकारितालाई प्रेसका चार सिद्धान्तका आधारमा व्याख्या गर्ने प्रयास भएको छ । तर पुस्तकमा प्रेसका चार सिद्धान्त फरकफरक समयमा निर्माण भएको उल्लेख छ "प्रेसका चार सिद्धान्तमध्ये निरंकुशतावादी सिद्धान्त (authoritain theory) सबैभन्दा पुरानो सिद्धान्त हो । यो सिद्धान्तको विकास सोह्रौँ शताब्दीको उत्तरार्द्धमा बेलायतबाट भएको पाइन्छ" (पृ. १६) । यस्तै भनिएको छ, "प्रेसको उदारवादी सिद्धान्त (liberal theory) को प्रतिपादन र क्रमिक विकासका लागि जोन मिल्टन, जोन स्काइन, थोमस जेफरसन र जोन स्टुआर्ट मिल जस्ता राजनीतिक दार्शनिकको विचारले महत्त्वपूर्ण भूमिका खेलेको छ" (पृ. १८) ।

यी दुवै तथ्य गलत छन् । पहिलो त प्रेसको सिद्धान्त सन् १९५६ मा तयार भएको हो । यो सिद्धान्तका प्रतिपादक फ्रेड एस. सिबर्ट, टी. पिटर्सन र विल्वर श्राम हुन् । र, प्रेसका चार सिद्धान्त तयार पारी विकास गर्ने काममा जोन मिल्टन, जेफरसन या मिल कसैको पनि भूमिका थिएन । यिनीहरूले अपनाएको राजनीतिक पद्धतिलाई विल्वर श्रामलगायत तीन अध्येताले प्रेससँग जोडेर सैद्धान्तिक रूप दिएका हुन् । कुनै एउटा पुस्तकमा मात्र भर पर्ने र त्यसमा पनि कम चल्तीका वा सिकारु लेखकका पुस्तकलाई आधार बनाउने यो विद्यावारिधि शोधप्रबन्ध उदेकलाग्दो छ । तथ्य-तथ्यांकलाई तुलनात्मक अध्ययन नगर्ने रोगले पनि पुस्तक ग्रस्त छ ।

सञ्चारमाध्यमले सधैँ ताजा सूचनालाई महत्त्व दिन्छ । त्यसैले सञ्चारसम्बन्धी पुस्तकमा बासी समाचार मन नपराउनु स्वाभाविक मानिन्छ । तर लेखकले सानो कुरामा पनि ध्यान पुऱ्याएको पाइन्न । जस्तो : वि.सं. २०६४ मा नै सूचनाको हकसम्बन्धी ऐन जारी भइसकेको छ । तर २०६७ सालमा छापिएको यस पुस्तकमा उनले 'अझै ऐन नआएको' लेखेका छन् । त्यति मात्र होइन, परिशिष्ट २ मा सूचनाको हकसम्बन्धी विधेयक-२०५७ को पूर्णपाठसमेत राखेका छन् ।

*गोर्खापत्र*को प्रकाशन १९५८ जेठ ३ गतेदेखि सुरु भएको लेखकले एक ठाउँमा हैन, दुई ठाउँमा हैन, झन्नै दर्जन ठाउँमा दोहोऱ्याएका छन् । लेखकले बारम्बार उल्लेख गरेको यो मितिसमेत गलत छ । *गोर्खापत्र*को प्रकाशन १९५८ जेठ २४ बाट सुरु भएको हो । पुस्तकले यस्ता त्रुटिमा सामान्य ध्यानसमेत दिन नसक्नु अन्य लेखकमाथि समेत अन्याय हुन जान्छ । यो शोधप्रबन्धले शोधनिर्देशकको भूमिका र क्षमतामाथि पनि औँला उठाउने ठाउँ दिएको छ ।

## छापामा राजनीतिक प्रभाव

लेखकको ठम्याइमा दलहरूमा राजनीतिक संस्कार नहुँदा मिडियामाथि उनीहरूको व्यवहार कमजोर देखिएको हो । मिडियाले आफ्नो पक्षमा मात्र खबर दिनुपर्ने सोच उनीहरूमा रहेकाले पनि छापा पत्रकारितामा कठिनाइ रहेको उनको बुझाइ छ । पत्रिकाका पाठकले पनि आफ्नो राजनीतिक पक्षअनुसारको अखबार पढ्न चाहन्छन् भन्ने तर्क लेखकले गरेका छन् । तर यसको यथेष्ट प्रमाण उनले दिन सकेका छैनन् । प्रमाण र शोधविनाको भनाइ र विश्लेषण मनोगत हुन्छ । तथ्य-तथ्यांकविनाका अक्षरखेती गफ मात्र हुन् भन्ने लेखकले बिर्सेका छन् ।

पुस्तकका धेरै भाग विषयवस्तु विश्लेषणमा आधारित छन् । तर त्यसका लागि समेटिएका समाचार कसरी छानिए भन्ने उल्लेख छैन । लेखकले 'नमुना

छनौट' मात्रै भनेका छन् । त्यसको आधार र मापदण्ड खुलाएका छैनन् । यसबाट लेखक विषयवस्तु छनौटमा पक्षपाती भएनन् भन्न सकिन्न । यस पुस्तकले आफ्नो विधालाई नै छाडेर अन्यत्रको प्रसंग जोड्दा कहीँकहीँ 'कामकुरो एकातिर, कुम्लो बोकी ठिमीतिर' जस्तो भएको छ । राजनीति र पत्रकारितामाथि लेखिएको पुस्तकको १२५ पृष्ठदेखि एक्कासि पाल्पाबाट निस्कने *गाउँले देउराली* पत्रिका भुल्किन्छ । लेखक राजनीतिक प्रभावबाट एकैपटक खेतीपातीतिर हाम फाल्छन् । एक प्रसंग :

> एक बिघा जग्गाबाट सत्तरी हजार फाइदा मुख्य शीर्षक दिएर प्रमुख समाचार छापेको देखिन्छ । पाल्पा भीरगाउँ निवासी मेवा किसान देवकान्त पाण्डेले एक बिघा जमिनमा लगाएको मेवाबाट वार्षिक सत्तरी हजार फाइदा गरेको भन्ने विषयलाई समाचारले उल्लेख गरेको छ (पृ. १२८) ।

लेखकले *गाउँले देउराली*लाई अध्ययनमा समेट्दा काठमाडौँ बाहिरको प्रतिनिधि पत्रिकाका रूपमा लिएका छन् । तर, *गाउँले देउराली* गैरराजनीतिक पत्रिका हो । राजनीतिक प्रभाव खोज्न गैरराजनीतिक पत्रिका छनौट गर्नुपर्ने बाध्यता किन आइलाग्यो, कतै खुल्दैन । अनि यो कसरी काठमाडौँ बाहिरको प्रतिनिधि पत्रिका बन्यो भन्ने जिज्ञासाको जवाफ पुस्तकमा छैन ।

## असरल्ल संयोजन

पुस्तकको मूल पाठको पहिलो वाक्यदेखि नै परम्परागत शैली छ । निबन्धको शैलीमा 'वर्तमान समय एक्काइसौँ शताब्दीमा प्रवेश गरेको' भन्दै पुस्तक आरम्भ हुन्छ । यसमा समेटिएका विषयवस्तुले तत्कालीन राजनीतिक इतिहासको पूर्ण व्याख्या गर्दैनन् न त पत्रकारिताको विकासक्रममाथि नै न्याय गर्छन् । लेखकीय शैली भने किशोर नेपालको पुस्तक *जनमत सङ्ग्रहदेखि जनआन्दोलनसम्म* (नेपाल २०५७) मा जस्तै पत्रकारिताको आँखाबाट राजनीतिक घटनाक्रमको व्याख्या गर्ने बाटोतर्फ अग्रसर देखिएको छ । तर घटनाक्रमअनुसार पुस्तक अगाडि बढ्दैन ।

एउटै विषयवस्तु कसरी फरकरूपमा आए भन्ने तुलना कतै पाइन्न । लेखकले विश्वकै राजनीतिक इतिहासका दुर्लभ घटनामध्ये २०५८ सालमा घटेको 'दरबार हत्याकाण्ड'को प्रसंगलाई *विमर्श* साप्ताहिकको एउटा समाचार र सम्पादकीयकै भरमा टुङ्ग्याएका छन् । यही हत्याकाण्डबारे बाबुराम भट्टराईको लेख छापेको

भन्दै *कान्तिपुर*का प्रबन्ध निर्देशक, निर्देशक र सम्पादकलाई गिरफ्तार गरियो जसबारे *कान्तिपुर*मा छापिएको एउटा समाचार र सम्पादकीयमात्रै लेखनको आधार बन्यो । मुख्य विषयवस्तु उठान गरेर छाडिदिनाले लेखकीय सीमा पनि पालना गर्न कन्जुस्याइँ गरेको देखिन्छ ।

## कमजोर भाषा

व्याकरणका सामान्य नियमसमेत पुस्तकले पालना गरेको छैन । त्यसैले शुद्धाशुद्धको हिसाबले हेर्ने हो भने पुस्तक अत्यन्तै कमजोर छ । वाक्य साह्रै झन्झटिला र लामालामा छन् :

> २०५९ असार २० गतेदेखि साउन २ गतेसम्मको प्रथम चरणको आन्दोलनमा प्रधानमन्त्रीलाई ज्ञापन पत्र दिने, सञ्चारमाध्यममा "पत्रकारलाई बाँच्न र लेख्न देउ" भन्ने नारा प्रकाशन/प्रसारण गर्दै, सम्पादकीय ऐक्यबद्धता, कार्टुन प्रकाशन गर्ने र त्यस्तो कार्य सम्पन्न गर्नका लागि देशभरका शाखा र एसोसिएटलाई परिचालन गर्ने साथै नागरिक समाज, व्यवसायिक संघसंस्था, अधिकारकर्मी संस्था र राजनीतिक दलहरूलाई सहभागिता गराउने, मन्त्री परिषद्को कुनै पनि सदस्य उपस्थित रहेको कार्यक्रमको बहिस्कार, सबै 'पत्रकारले हातमा कालो पट्टी' बाँधेर काम गर्ने गरेका थिए (पृ. ९६) ।

यो वाक्य लामो मात्र होइन, अशुद्ध पनि छ । वाक्य संरचनाको समस्या पुस्तकभरि नै देखिन्छ । कतिपय वाक्यले अर्थ नै दिँदैनन् । एउटै कुरा धेरै ठाउँमा दोहोरिनु पुस्तकको थप विशेषता बनेको छ ।

## संकटकाल र समाचार

लेखकले वि.सं. २०५८ को संकटकालपछिका १७ महिनाको विषयवस्तु विश्लेषण गरेका छन् । विभिन्न अखबारमा छापिएका समाचार, विचार र सम्पादकीयका अंश पनि यसमा समेटिएका छन् । तर पत्रकारिता क्षेत्रले भोगेको संकट तथा त्यसको सामना कसरी गरियो भन्नेबारे भने समेट्न भ्याएका छैनन् । त्यतिखेर मिडियामा आएका विषयवस्तु कति प्रभावी थिए अथवा पत्रकारले लेख, विचार वा समाचारबाट कति प्रतिरोध गरे भन्ने तथ्य स्थापित गर्न पुस्तक असफल छ ।

समाचार जति संख्यामा लेखिन्छन्, त्यसमाथि साह्रै कम मात्र पुस्तक तयार हुन्छन् । राजनीतिजस्तो महत्त्वपूर्ण र मिडियाले सबैभन्दा बढी समेट्ने विषयमा पुस्तक लेख्ने काम सजिलो छैन । अझै नेपालजस्तो हरेक कुरामा राजनीतिको

प्रभुत्व रहेको सन्दर्भमा यसैसँग जोडेर पत्रकारिताको अभिलेख तयार पार्ने काम चुनौतीपूर्ण रहेकामा पनि विवाद छैन । थुप्रै कमी/कमजोरी हुँदाहुँदै पनि यस पुस्तकले राजनीति र पत्रकारिताबीच प्रस्ट्याउन खोजेको साइनो भने प्रशंसनीय छ ।

*गोरखापत्र* प्रकाशनसँगै जारी भएको सनदजस्ता महत्त्वपूर्ण दस्तावेज र राजनीतिक दलका मिडिया नीतिको संग्रह आफैँमा महत्त्वपूर्ण छ । पुस्तकले उजागर नगरेका कतिपय पाटो अध्ययनका लागि अवसर हुन सक्छन्, जसलाई लेखकले अध्ययनका सम्भावित क्षेत्र भनेर तोकिदिएका पनि छन् ।

## सन्दर्भसामग्री

नेपाल, किशोर । २०५७ । *जनमतसंग्रहदेखि जनआन्दोलनसम्म : नेपाली पत्रकारिताको विकास र प्रभाव* । काठमाडौँ : व्यावसायिक पत्रकारिता प्रतिष्ठान ।

**ऋषिकेश दाहाल**
उपप्राध्यापक, रत्नराज्यलक्ष्मी क्याम्पस